**Tribhuvan University Journal**
**Vol. 36, No. 2: 105-127, December, 2021**
**Research Directorate, Tribhuvan University,**
**Kathmandu, Nepal**
**DOI:** https://doi.org/10.3126/tuj.v36i02.46647

# आधारभूत तहको भाषाशिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कनको सान्दर्भिकता

*कुश्मिला आचार्य*

*सहप्राध्यापक, नेपाली शिक्षा, शिक्षाशास्त्र केन्द्रीय विभाग, कीर्तिपुर, त्रि.वि.*

*इमेल : acharyakushmila@gmail.com*

## लेखसार

प्रस्तुत लेख आधारभूत तहमा गरिने निरन्तर मूल्याङ्कनको सान्दर्भिकतासँग सम्बन्धित छ । विद्यार्थीहरूमा सुनाइ, बोलाइ, पढाइपछि लेखाइ सिपको विकास गराउनु भाषा शिक्षणको प्रमुख उद्देश्य हो । यी चारवटा सिपहरूको उपयुक्त तरिकाले विकास गराउन भाषिक मूल्याङ्कनको आवश्यकता पर्दछ । गुणात्मक विधिको उपयोग गरी लेखिएको यस लेखको सैद्धान्तिक अवधारणा निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरू रहेको छ । यस लेखमा विशेष गरी आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा अपनाइने साधनहरूको सान्दर्भिकतालाई समीक्षात्मक रूपमा विश्लेषण गरिएको छ । कक्षा कार्यकलाप वा सहभागिता, विद्यार्थी हाजिरी, सिर्जनात्मक कार्य, व्यवहार परिवर्तन, गृहकार्य, हाजिरी जवाफ, छलफल, अन्तर्क्रिया, अवलोकन, एकाइ र त्रैमासिक परीक्षाहरू आदि निरन्तर विद्यार्थी मूल्याङ्कनका विधि र साधनहरूको आधारभूत तह (कक्षा छ, सात र आठ) सँग जोडेर यहाँ विश्लेषण गरिएको छ । यस तहका विद्यार्थीका निरन्तर मूल्याङ्कनको आवश्यकता, समस्या र त्यसको समाधानका उपायहरूको पनि यथोचित रूपमा समीक्षात्मक विश्लेषण गरिएको छ । त्यसबाट आधारभूत तहमा निरन्तर विद्यार्थीका साधनहरूको सान्दर्भिकताको अवस्था सकारात्मक रहेको निष्कर्ष निकालिएको छ । आधारभूत तहमा भाषा शिक्षण गर्न र यसका बारेमा जिज्ञासा उत्पन्न भएका सम्पूर्ण सरोकारवालाहरूमा यो लेख उपयोगी सावित हुने विश्वास लिइएको छ ।

**शब्दकुञ्जी :** निदान - गृहकार्य - सिर्जनात्मक - पाठ्यक्रम - पृष्ठपोषण ।

## विषयप्रवेश

मानव समुदायले आफ्नो जीवनमा गर्ने सम्पूर्ण कार्यहरूको मूल्याङ्कन गर्ने गर्दछ । यसले आफूले गरेको काम सही तरिकाले निर्धारित समयमा सम्पन्न गर्न सकियो कि सकिएन भनेर निर्क्योल गर्न सघाउँदछ । आफूले गरेका काममा भएका गल्ती र

कमजोरीहरूलाई सुधार गरी कार्य सम्पन्न गर्न मूल्याङ्कनले महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । शिक्षण सिकाइ क्रियाकलापमा पनि मूल्याङ्कनले आफ्नो स्थान सुरक्षित गरेको देखिन्छ । विद्यमान नेपालको विद्यालय तहको संरचना बालकक्षादेखि आठ कक्षासम्म आधारभूत तह र नौदेखि बाह्रकक्षासम्म माध्यमिक तह गरी दुई प्रकारको देखिन्छ । यही विद्यालय संरचनाअनुसार मूल्याङ्कन प्रक्रिया पनि फरक-फरक रहेको छ। नेपाल सरकारले आधारभूत शिक्षा पाठ्यक्रम (२०६९) लागु गरी कक्षा छदेखि आठसम्मलाई आधारभूत तह मानेर आधारभूत शिक्षा पाठ्यक्रम देशभरि कार्यान्वयन गरिरहेको वर्तमान अवस्था छ । प्रस्तुत लेख कक्षा छदेखि आठसम्मका विद्यार्थीहरूका लागि उपयोग गरिएको निरन्तर मूल्याङ्कनको सान्दर्भिकताको खोजमा केन्द्रित भएर लेखिएको छ। मूल्याङ्कनले सङ्ख्यात्मक र गुणात्मक दुबै किसिमले मापन गर्दछ। यसले सामाजिक, आर्थिक, राजनैतिक, वैज्ञानिक, मनोविज्ञान, अध्ययन-अध्यापन, अनुसन्धान आदि क्षेत्रमा अनिवार्य अवयवको रूपमा आफ्नो उपस्थितिलाई गर्विलो बनाएको छ। मूल्याङ्कनले कुनै पनि बस्तुमा अन्तर्निहित गुण, मूल्य वा मात्राको न्यायपूर्ण, विवेकसम्मत र सावधानीपूर्ण ढङ्गले नाप्ने वा मूल्य प्रदान गर्ने कार्य गर्दछ । यसरी कुनै पनि कार्यमा निर्णय लिनका लागि तथ्याङ्कको सङ्कलन र विश्लेषण गर्ने क्रमबद्ध प्रक्रियाका रूपमा मूल्याङ्कनलाई उपयोग गरिन्छ । तसर्थ मूल्याङ्कनले समग्र कार्यक्रमको लेखाजोखा गरी सबल र दुर्बल पक्षको निर्क्योल गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ र दुर्बल पक्षलाई उपयुक्त पृष्ठपोषण प्रदान गर्ने मार्ग प्रशस्त गर्दछ। शिक्षण सिकाइ क्रियाकलापमा मूल्याङ्कनको सहायताबाट नै पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण विधि, शिक्षण सामग्री, शिक्षण उद्देश्य र शिक्षण प्रक्रियासमेतको निरूपण, निर्माण र विकास गर्न सकिने प्रशस्त आधारहरू रहेका छन् ।

नेपाली भाषा शिक्षणको महत्त्वपूर्ण पक्ष मूल्याङ्कन पनि हो । पाठले तोकेको उद्देश्य पूरा भयो वा भएन, पाठको अन्त्यमा विद्यार्थीका व्यवहारमा परिवर्तन आयो वा आएन भनी मूल्याङ्कन गरिन्छ । विद्यालयमा लिखित, मौखिक, अवलोकन, निरीक्षण, रुजुसूची, श्रेणीमापन आदि कुनै पनि उपकरणको उपयोग गरेर मूल्याङ्कन गरिएको हुन्छ । मूल्याङ्कनलाई शिक्षार्थीको भाषिक क्षमता, स्तर, दक्षता आँक्न र भाषा शिक्षणको प्रभावकारिता पहिल्याउन शिक्षकले बारम्बार उपयोगमा ल्याउन सक्छन् । सिकाइका क्रममा उनीहरूका खास कमजोरी, असफलता र सफलताका क्षेत्रहरू कुन-कुन हुन्, सो पत्ता लगाउनु शिक्षणको एउटा महत्त्वपूर्ण पक्ष हो । शिक्षार्थीहरू पनि मूल्याङ्कन परिणामको जानकारीबाट आफ्ना सफलता-असफलताका क्षेत्र थाहा पाउँछन् र सोहीअनुसार आफ्नो सफलताको जानकारीले त्यसप्रति उनीहरूमा सचेतता बढ्छ । अतः मूल्याङ्कन शिक्षणको सहगामी तथा अभिन्न प्रक्रिया हो र सोहीअनुरूप यसलाई उपयोग गर्नु आवश्यक छ (अधिकारी २०६९) । शिक्षण प्रक्रियाका क्रममा विद्यार्थीको सिकाइ प्रगतिको लेखाजोखा

गरी आवश्यकताअनुसार शिक्षण सिकाइ प्रक्रियामा सुधार गर्न शिक्षक र विद्यार्थी दुबैलाई पृष्ठपोषण दिने उद्देश्यले गरिने मूल्याङ्कनलाई निर्माणात्मक मूल्याङ्कन भनिन्छ (पराजुली र अन्य २०६८) । यस लेखमा यही मूल्याङ्कनको आधारभूत तहमा सान्दर्भिकता हेरिएको छ ।

## उद्देश्य

प्रस्तुत अनुसन्धानमूलक लेखको उद्देश्य आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको सान्दर्भिकता देखाउनु रहेको छ । सुधारात्मक मूल्याङ्कनलाई आधारभूत तहमा नेपाल सरकार, पाठ्यक्रम विकास केन्द्रद्वारा लागु गरेको वर्तमान अवस्थामा त्यसको प्रकृतिलाई विविध कोणबाट समीक्षात्मक अध्ययन गरेर प्रस्तुत लेखको निष्कर्ष निकालिएको छ ।

## अध्ययन विधि र सामग्री निर्माण

प्रस्तुत लेख गुणात्मक विधिमा आधारित छ । सामग्री सङ्कलनको निमित्त द्वितीयक स्रोतका सामग्रीको उपयोग गरिएको छ । निगमनात्मक विधिलाई अवलम्बन गरिएको छ । पुस्तकालयीय कार्यबाट विभिन्न सन्दर्भ पुस्तक, जर्नल, अनुसन्धानमूलक लेख, पत्रपत्रिका आदिको उपयोग गरी वर्णनात्मक, विश्लेषणात्मक र समीक्षात्मक रूपमा प्रस्तुत लेखको निष्कर्ष निकालिएको छ ।

## अध्ययनको सीमाङ्कन

प्रस्तुत लेखको लागि लिइएका सामग्रीहरू द्वितीयक स्रोतमा मात्र आधारित रहेका छन् । निरन्तर विद्यार्थी मूल्याङ्कनको सान्दर्भिकतालाई आधारभूत तहमा प्रयोग गरेको सन्दर्भबाट मात्र समीक्षा गरिएको छ । यस लेखका लागि निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरूलाई सैद्धान्तिक आधारका रूपमा ग्रहण गरेर विश्लेषण गर्ने प्रयास गरिएको छ । मूल्याङ्कनका अन्य तरिकाहरूलाई यस लेखमा आवश्यक ठाउँमा मात्र उपयोग गरी विशेष गरेर निरन्तर विद्यार्थी मूल्याङ्कनको सान्दर्भिकतामा लेख केन्द्रित रहेको छ । प्रस्तुत लेखमा निर्माणात्मक मूल्याङ्कनको सान्दर्भिकताको मात्र उल्लेख गरिएको छ । निर्णयात्मक र निदानात्मकको विस्तृत व्याख्या गरिएको छैन ।

## सैद्धान्तिक अवधारणा

प्रस्तुत लेखको मुख्य सिद्धान्त निरन्तर विद्यार्थी मूल्याङ्कन (Formative Evaluation) रहेको छ । विद्यार्थीहरूको नियमितरूपमा कक्षा शिक्षणकै क्रममा गरिने सिकाइको लेखाजोखालाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । भाषा शिक्षण सिकाइका सन्दर्भमा भाषा शिक्षण सिकाइसँगै निरन्तर रूपमा गरिने मूल्याङ्कन निरन्तर मूल्याङ्कन हो (अधिकारी २०६९) । यसले अनौपचारिक मूल्याङ्कनमा जोड दिन्छ । विद्यार्थीको

उपलब्धि स्तर पत्ता लगाई सोहीअनुसार शिक्षण सिकाइ प्रक्रिया सञ्चालन गर्न आवश्यक सूचना तथा जानकारी प्राप्त गर्ने एउटा प्रणाली निरन्तर विद्यार्थी मूल्याङ्कन पद्धति हो । यसरी सूचना प्राप्त गरी कमजोर विद्यार्थीका समस्या पहिचान गरेर सुधारात्मक शिक्षण गर्न तथा सक्षम विद्यार्थीलाई अझ अगाडि बढ्न प्रोत्साहन गर्ने कार्य निरन्तर विद्यार्थी मूल्याङ्कनले गर्दछ । यो मूल्याङ्कन विद्यार्थीलाई कक्षा चढाउने कुराको निर्णय गर्न भन्दा पनि प्रभावकारी शिक्षण सिकाइको लागि पृष्ठपोषण प्रदान गर्न उपयोग गरिन्छ (पौडेल २०७०) । प्राथमिक शिक्षाको विकास गर्न र प्राथमिक शिक्षा पूरा नगरी बिचैमा विद्यालय छाड्ने सङ्ख्या घटाउन आवधिक लिखित परीक्षा प्रणाली बाधक भएको महसुस गरी नेपाल सरकार शिक्षा मन्त्रालयले नवौं योजनादेखि प्राथमिक तहका कक्षा १ देखि ३ सम्मका लागि परीक्षणको रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली सुरुवात गरेको थियो । वर्तमान शैक्षिक नीतिअनुसार नेपाल सरकारले कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन अपनाइने व्यवस्थाअनुसार शैक्षिक सत्र २०७० देखि कक्षा ६ मा र २०७१ देखि कक्षा ७ मा लागु गरेको छ । यही समयदेखि वर्तमान समयसम्म आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन सञ्चालन भइरहेको छ ।

भाषा मानव मात्रको विविध सूचना आदान प्रदानको प्रमुख साधनका रूपमा रहेको छ । नेपाली भाषा सरकारी कामकाजको भाषा हुनुको साथै विद्यालय तहको शिक्षाको प्रमुख माध्यमको रूपमा रहँदै आएको छ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य रूपमा पठनपाठन हुने यस विषयलाई प्रभावकारी एवम् व्यावहारिक ढङ्गले सिकाइ गर्नु आवश्यक छ । विभिन्न विधाका रचनाका माध्यमबाट भाषिक सिप र सिर्जनात्मक क्षमताको विकास गर्नु नै नेपाली भाषा शिक्षणको मुख्य उद्देश्य हो । यही उद्देश्य पूरा गर्न उपयुक्त शिक्षण सिकाइ क्रियाकलापका साथै मूल्याङ्कनको पनि आवश्यकता पर्दछ । त्यसैले नेपाली भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनको महत्त्वपूर्ण स्थान रहेको छ ।

भाषा शिक्षणले भाषिक सिपहरूको शिक्षण गरी ती सिपहरूमा दक्षता हासिल गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ । सिपमूलक अभ्यासमा निरन्तर एवम् रचनात्मक मूल्याङ्कन र अनुगमनको खाँचो पर्दछ । भाषा शिक्षकले सिकारुका कठिनाइ र गलत सामान्यीकरणलाई बारम्बार अबलोकन, निरीक्षण गरी सुधार गरी सिकाइमा अभिवृद्धि गर्न सहयोग गर्नु पर्दछ । भाषा शिक्षण भनेकै भाषा विषयको शिक्षण नभएर भाषिक सिपहरूको शिक्षण हो । भाषा शिक्षकले सिकारुका कठिनाइ र गलत सामान्यीकरणलाई बारम्बार अवलोकन, निरीक्षण गरी सुधार गर्नु पर्दछ भन्ने कुराले यसै पक्षलाई पुष्टि गर्न सहयोग गर्दछ (पौडेल २०७०) । सिकारुमा अपेक्षित भाषिक सिप हासिल गराउन भाषा शिक्षकले निरन्तर रूपमा भाषिक मूल्याङ्कन उपयोग गरी रहनु आवश्यक हुन्छ । भाषिक मूल्याङ्कनले

सिकारुको भाषा सिकाइसँग सम्बन्धित कमी कमजोरीहरूको निदान र उपचारका उपायहरू अबलम्बन गर्ने मार्गनिर्देशन प्रदान गरिरहेको हुन्छ ।

भाषिक मूल्याङ्कनले भाषिक सिपको वस्तुगत ढङ्गबाट मूल्याङ्कन गर्ने हुँदा कक्षा शिक्षणसँगै निरन्तर रूपमा सिकारुहरूलाई विभिन्न कुरा सुनाएर, सोही विषयवस्तुबाट प्रश्नहरू गरेर सुनाइ सिपको, संवाद, वादविवाद, वक्तृता, नाटक लगायत अन्य स्तर सुहाउँदा विषयवस्तुबारे बोल्न लगाएर बोलाइ सिपको, लिखित सामग्रीहरू पढ्न लगाएर पढाइ सिपको र अनुलेखन, श्रुतिलेखन तथा मौलिक लेखनबाट लेखाइ सिपको मूल्याङ्कन गर्ने प्रविधिलाई आत्मसात् गरी शिक्षण सिकाइ क्रियाकलाप अगाडि बढाउनु औचित्यपूर्ण हुन्छ। यसबाट भाषिक सिप शिक्षण प्रभावकारी भई अपेक्षित उद्देश्य हासिल गराउन सजिलो हुन्छ। प्रस्तुत लेखमा निरन्तर विद्यार्थी मूल्याङ्कनलाई प्रमुख सैद्धान्तिक अवधारणाका रूपमा लिइएको छ ।

## मूल्याङ्कनको परिचय

कुनै रचना, वस्तु वा मालसामानको मोल आँक्ने काम, भाउ राख्ने वा मूल्य तोक्ने कामलाई (नेपाली बृहत् शब्दकोश २०६७) मूल्याङ्कनको रूपमा परिभाषित गरेको छ । मूल्याङ्कनले विद्यार्थी सिकाइको केन्द्रविन्दुको रूपमा काम गरेको हुन्छ । विद्यार्थी मूल्याङ्कनले विद्यार्थीहरूका साथै विद्यालयको प्रगतिको अवस्थालाई निर्देशित गरेको हुन्छ । शिक्षण सिकाइ क्रियाकलापलाई दिशाबोध गर्न र शिक्षाको गुणस्तर कायम गर्न विद्यार्थी मूल्याङ्कनले शिक्षक, विद्यालय प्रशासन, अभिभावक र विद्यार्थीहरूलाई मद्दत गरी उपयुक्त पृष्ठपोषण दिने काम गर्दछ ।

पाठयोजनाअनुसारको शिक्षण सिकाइ क्रियाकलापसँगै र आवश्यकताअनुसार नियमित रूपमा कक्षाकोठा भित्र वा बाहिर गरिने मूल्याङ्कनलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनिन्छ । भाषिक सिप सिकाइको प्रवर्धनात्मक अभीष्टसँग सम्बन्धित यस्तो परीक्षणमा कक्षाकार्य, गृहकार्य, सिर्जनात्मक कार्य, वैयक्तिक कार्य, समूहकार्य, हाजिरी र सन्दर्भगत अन्तर्क्रियामूलक कार्यहरूको अवलोकन, पर्यवेक्षण वा निरीक्षणको संलग्नता रहन्छ । निरन्तर रूपमा गरिएका यस किसिमका अनौपचारिक परीक्षणहरूको लेखाजोखा गरेर भाषाका आदानात्मक र प्रदानात्मक सिपगत क्षमता र योग्यताको निर्णय दिने कार्य यस प्रकारको परीक्षणमा गरिन्छ । यसर्थ निरन्तर मूल्याङ्कनले भाषाशिक्षणमा सकारात्मक परिणाम दिलाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ ।

शिक्षकको एकोहोरो शिक्षण कार्यले मात्र विद्यार्थीहरूको भाषिक उपलब्धि निर्धारण गर्न सकिँदैन । भाषा शिक्षण सिपहरूको शिक्षण भएकाले यसमा मूल्याङ्कनको ठूलो भूमिका रहन्छ । भाषा शिक्षणका क्रममा बारम्बार अवलोकन र निरीक्षण गरी सिकाइका कठिनाइ

र गलत सामान्यीकरणलाई सुधार्न भाषा शिक्षकले सहयोग गर्नुपर्दछ । यसका लागि भाषा शिक्षक सहजकर्ताको भूमिकामा रहनु राम्रो हुन्छ । भाषिक सिप शिक्षण कति प्रभावकारी रह्यो, भाषिक उद्देश्य प्राप्ति भए वा भएनन्, शिक्षण विधि र प्रक्रिया प्रभावकारी भए वा भएनन्, विद्यार्थीहरू भाषा सिक्न सक्षम भए कि भएनन् भन्ने कुराको शिक्षकहरूले निरन्तर रूपमा मूल्याङ्कन गरी पृष्ठपोषणसहित आवश्यक सुधार गर्न सकेमात्र सिकाइ उपयोगी हुन्छ । यस कार्यका लागि शिक्षक बढी जिम्मेवार हुनु पर्दछ ।

शिक्षण सिकाइको क्रममा कुनै पनि बेला सरल एवम् उपयोगी प्रक्रियाबाट गरिने विद्यार्थी मूल्याङ्कन नै निरन्तर विद्यार्थी मूल्याङ्कन हो । यसमा विद्यार्थीहरूलाई तत्काल आवश्यक सुझाव दिने, सुधार गर्ने र आवश्यकताअनुसार उपचारात्मक शिक्षण सिकाइ पद्धति समेत अपनाउने गरिन्छ (पाठ्यक्रम विकास केन्द २०६८) । भाषा सिकाइमा पनि निरन्तर मूल्याङ्कनको उपयोग गरी सिकाइलाई प्रभावकारी बनाउनु पर्दछ । भाषा शिक्षकले भाषिक सिप सिकाइ (जस्तैः ध्वनि विभेदीकरण, श्रुति, उच्चारण, शब्द विभेदीकरण, वस्तु तथा चित्र वर्णन, घटना वर्णन, प्रश्नोत्तर लेखन, निबन्ध लेखन आदि) मा कठिनाई हुँदा तत्काल सुझाव दिने, सुधार गर्ने र आवश्यकताअनुसार उपचारात्मक शिक्षण पनि अपनाउनुपर्दछ । यसर्थ भाषा शिक्षण र मूल्याङ्कनलाई अभिन्न अङ्ग बनाएर शिक्षण, मूल्याङ्कन, पुनः शिक्षण, पुनः मूल्याङ्कनको चक्रीय पद्धति अवलम्बन गरी भाषा शिक्षणलाई रचनात्मक, सुधारमुखी, पृष्ठपोषणमुखी बनाउनु पर्दछ ।

नेपालको सन्दर्भमा हेर्दा निरन्तर विद्यार्थी मूल्याङ्कनसम्बन्धी विशेष नीतिगत व्यवस्था रहेको छ। नेपालका कक्षा १ देखि ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन भएको छ । कक्षा १ देखि ३ सम्म उदार कक्षोन्नतिको व्यवस्था रहेको छ । कक्षा ४-५ मा ५०% निरन्तर विद्यार्थी मूल्याङ्कनको आधारमा मूल्याङ्कन गर्ने व्यवस्था रहेको छ (पाठ्यक्रम विकास केन्द्र २०६५) । यस प्रकारको मूल्याङ्कनलाई कक्षा ७ सम्म विस्तार गर्ने काम विद्यालय क्षेत्र सुधार योजना र राष्ट्रिय पाठ्यक्रम प्रारूपले गरेका छन् । आधारभूत शिक्षा पाठ्यक्रम २०६९ अनुसार आधारभूत तह (कक्षा ६ र ७) मा ६०% भारको आवधिक मूल्याङ्कन र ४०% भारको निरन्तर मूल्याङ्कन गर्नुपर्ने प्रावधानको व्यवस्था गरेको छ । निरन्तर मूल्याङ्कनअन्तर्गत प्रयोगात्मक कार्य, विद्यार्थीको कक्षा सहभागिता, सिकाइ व्यवहारमा आएको परिवर्तन, सिर्जनात्मक कार्य, दैनिक हाजिरी आदि पर्ने कुरा उल्लेख गरिएको छ । यस्तो मूल्याङ्कन गर्दा विद्यार्थीले गरेका प्रगतिको आधारमा उनीहरूलाई क, ख, ग श्रेणीमा वर्गीकरण गरी ७०% देखि १००% सम्म ल्याउनेलाई 'क' श्रेणी, ४०% देखि ६९% सम्म ल्याउनेलाई 'ख' श्रेणी र ४०% भन्दा कम ल्याउनेलाई 'ग' श्रेणीमा विभाजन गरिएको छ ।

भाषा शिक्षणपश्चात् पाठ्यक्रमले अपेक्षा गरेको उपलब्धि पूरा भयो वा भएन भनेर भाषिक मूल्याङ्कनबाट पत्ता लगाउन सकिन्छ । विद्यार्थीहरूले भाषिक सिपहरू कति मात्रामा ग्रहण गरे ? उनीहरूले कुन-कुन कुरा छिटो र कुन-कुन ढिलो सिके ? कुन कुराको सिकाइ बढी जटिल भयो ? कुन कुराको सिकाइ सरल भयो ? आदि कुराको जानकारी र भाषिक सिप पक्षको विकास सुदृढ बनाउन निरन्तर मूल्याङ्कनले सहयोग गर्दछ । हाम्रो देशमा नेपाली भाषा शिक्षण सिकाइ प्रणालीमा र मूल्याङ्कनमा अझै केही दोषहरू विद्यमान छन् । कक्षा १ देखि ७ सम्म निरन्तर मूल्याङ्कनको व्यवस्था गरिए पनि यो प्रणाली अझै केही सिप र पक्षहरूको औपचारिक मूल्याङ्कनमा मात्र सीमित रहेको पाइन्छ । बालबालिकाले गरेको प्रगतिको व्यापक मूल्याङ्कन हुन नसक्दा भाषा सिकाइलाई पूर्णता दिन सकिने अवस्था रहन्न । यसर्थ हरेक शिक्षकहले निरन्तर मूल्याङ्कनको धारणलाई आत्मसात् गरी भाषा सिकाइलाई प्रभावकारी बनाउनु पर्दछ । अतः भाषा सिकाइलाई शिक्षणमा निरन्तर मूल्याङ्कन आवश्यक रहेको छ । यसले भाषिक सिप प्राप्तिको निम्ति सहयोग पुऱ्याउँछ । साथै विद्यार्थीको स्तरलाई समेत सुदृढ बनाउँछ ।

## मूल्याङ्कनका प्रकार

मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा रहेको हुन्छ । विद्यार्थीका शैक्षिक उपलब्धिहरूको लेखाजोखा गर्नु, विद्यार्थीका पूर्वज्ञान र सिपहरूको लेखाजोखा गर्नु, विद्यार्थीका शैक्षिक स्तरअनुसार स्थान निर्धारण गर्नु, विद्यार्थीहरूले प्राप्त गरेका मूल्यका आधारमा कक्षोन्नति गर्नु, विद्यार्थीहरूमा रहेको कमीकमजोरी हटाउन पृष्ठपोषण प्रदान गर्नु, विद्यार्थीहरूमा रहेका कठिनाइहरू हटाउन निदानात्मक कार्यहरू गर्नु, शिक्षण सिकाइ क्रियाकलापको भावी योजनाहरू तय गर्न सहयोग गर्नु लगायतलाई मूल्याङ्कनको उद्देश्यहरूका रूपमा व्याख्या गरिन्छ । सामान्यतया निर्माणात्मक, निर्णयात्मक र निदानात्मक गरी तीन प्रकारमा बाँडेर मूल्याङ्कनलाई छुट्याइएको पाइन्छ ।

शिक्षण सिकाइको अन्त्यमा योजना सफल भयो वा भएन भनी गरिने मूल्याङ्कनलाई निर्णयात्मक मूल्याङ्कन भनिन्छ । प्रमाणपत्र वितरण गर्नु र कक्षा उत्तीर्ण गराउनु, कार्यक्रमको उद्देश्य आंशिक वा पूर्ण कति पूरा भयो पत्ता लगाउनु, विद्यालयको प्रगति वा स्तर पत्ता लगाउनु, शैक्षिक क्रियाकलापको प्रभावकारिता मूल्याङ्कन गर्नु, योजनाको वैधता, विश्वसनीयता र प्रामाणिकता प्रदान गर्नु निर्णयात्मक मूल्याङ्कनको प्रमुख उद्देश्य हुन् । विशेष खालका समस्याको उपचारात्मक निदान गर्ने उद्देश्य निदानात्मक मूल्याङ्कनको हुन्छ ।

## भाषिक मूल्याङ्कनका प्रकार

भाषिक मूल्याङ्कनले आदानात्मक र प्रदानात्मक भाषिक सिपको मूल्याङ्कन गर्दछ। यसभित्र सामयिक र औपचारिक मूल्याङ्कन, निर्माणात्मक र निर्णयात्मक मूल्याङ्कन, सामान्य र प्रयोगात्मक मूल्याङ्कन, विषयगत र वस्तुगत मूल्याङकन, प्रवेश मूल्याङ्कन र स्थान निर्धारण मूल्याङ्कन, पृथकीकृत/एकलबद्ध र एकीकृत/समग्रताबद्ध मूल्याङ्कन, निरन्तर र अनौपचारिक मूल्याङ्कन, अभिक्षतामूलक र निदानात्मक मूल्याङ्कन र उपलब्धिपरक र दक्षतापरक मूल्याङ्कन पर्दछन् (शर्मा र पौडेल २०६७) ।

शिक्षाको योजना सफल पार्नका लागि शैक्षिक प्रक्रियामा आन्तरिक रूपबाट गरिने मूल्याङ्कन नै निर्माणात्मक मूल्याङ्कन हो । यसको मुख्य उद्देश्य शिक्षण सिकाइमा सुधार गर्नु हो (अर्याल र अन्य २०७१) । आधारभूत तहमा गरिने निर्माणात्मक मूल्याङ्कनको सान्दर्भिकतालाई यस लेखमा अनुसन्धेय विषय बनाइएको छ ।

## भाषा शिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता

निरन्तर विद्यार्थी मूल्याङ्कन विद्यार्थीको सिकाइमा सुधार गरी अपेक्षित उद्देश्य प्राप्तिमा केन्द्रित छ । यसको मुख्य उद्देश्य प्रभावकारी शिक्षण सिकाइका माध्यमबाट विद्यार्थीमा अपेक्षित सिकाइ उपलब्धि हासिल गराउनु हो (निरन्तर विद्यार्थी मूल्याङ्कन निर्देशिका २०६८) । भाषा शिक्षणमा निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकतालाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

क) विद्यार्थीको सिकाइलाई प्रभावकारी र भाषिक कार्यव्यवहारमा सहयोग पुऱ्याउन

ख) भाषा शिक्षणका योजनालाई सही रूपमा कार्यान्वयन गराउन

ग) भाषिक सिकाइ स्तर कम भएका विद्यार्थीहरूलाई सुधारात्मक शिक्षण गरी सिकाइ स्तरमा अभिवृद्धि गर्न,

घ) भाषा शिक्षणका सिकाइ क्रियाकलापलाई सुधार ल्याउन

ङ) विद्यार्थीहरूलाई भाषिक मूल्याङ्कनप्रति उत्साहित गर्न

च) भाषिक सिप शिक्षणको विधिलाई प्रभावकारी बनाउन

छ) विद्यार्थीहरूमा भाषा पाठ्यक्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दीर्घकालीन रूपमा स्थापित गर्न

ज) विद्यार्थीको वैयक्तिक भिन्नता पत्ता लगाई सिकाइमा सुधार गर्न

झ) भाषा शिक्षणमा बालमैत्री सिकाइ र मूल्याङ्कनको वातावरण बनाउन

ञ) तह पूरा गर्ने दर र सिकाइ उपलब्धिमा वृद्धि गर्न

ट) भाषा शिक्षक र विद्यार्थी बिचमा सुमधुर सम्बन्ध कायम गर्न

ठ) विद्यार्थीको सिकाइ उपलब्धिको वैधता र विश्वसनीयतामा सुधार गर्न

ड) विद्यार्थीमा भाषिक पाठ्क्रमले निर्धारण गरेका ज्ञान, सिप र व्यवहारलाई दिगो रूपमा स्थापित गर्न

ढ) विद्यार्थीहरूलाई नियमित उपस्थितिमा उत्साहित गर्न

ण) कक्षा छाड्ने र दोहोऱ्याउने दर कम गर्न

त) विद्यार्थीका सम्पूर्ण अनुभव र व्यवहारको दैनिक लेखाजोखा गरी अभिलेखीकरण गरेर विद्यार्थी र अभिभावकलाई सचेत गर्न

थ) विद्यार्थीको सही मूल्याङ्कन निरन्तर र सहजतापूर्वक गर्न ।

द) भाषिक पाठ्यक्रम, पाठ्यपुस्तक र आवश्यक शैक्षिक सामग्रीको व्यवस्था गर्न

विश्वमा यस प्रकारको निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगको अवस्था समृद्ध देखिन्छ । नेपाल सरकारले आधारभूत शिक्षामा गरेको लगानीलाई फलदायी बनाउन निरन्तर मूल्याङ्कनलाई एउटा प्रमुख साधनको रूपमा उपयोग गरिरहेको छ । आधारभूत शिक्षाको सिकाइ बालमैत्री र उपलब्धिपूर्ण हुन नसकेकोले विशेषतः तल्ला कक्षाहरूमा कक्षा दोहोऱ्याउने र बिचैमा छाड्ने विद्यार्थीहरूको सङ्ख्या धेरै रहेको विभिन्न प्रविदेनहरूमा पाइन्छ ।

विद्यार्थीहरूको निरन्तर मूल्याङ्कन गरेर उपचारात्मक शिक्षण सिकाइबाट यस प्रकृतिको क्षति कम गर्नु निरन्तर मूल्याङ्कनको मुख्य उद्देश्य र आवश्यकता पनि हो । त्यसैगरी भाषा शिक्षणका सन्दर्भमा पनि निरन्तर मूल्याङ्कनले भाषिक सिपहरूको सिकाइको स्तर अभिवृद्धि गर्न सहयोग गर्ने भएकाले भाषा शिक्षणमा यसको आवश्यकता रहेको पाइन्छ । आधारभूत तहमा यस मूल्याङ्कनले अपेक्षित सिकाइ उपलब्धि हासिल गराउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने विश्वास सरोकारवालाहरूको रहेको छ ।

## आधारभूत तहमा भाषा शिक्षणका सन्दर्भमा निरन्तर विद्यार्थी मूल्याङ्कनका विधि र साधनको सान्दर्भिकता

निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण प्रक्रियासँगै चल्ने पद्धति हो । शिक्षण सिकाइ प्रक्रियासँगै मूल्याङ्कन गरियो भने मात्र सिकाइ उपलब्धिमूलक हुन्छ । सिकाइ प्रक्रिया र मूल्याङ्कन प्रक्रिया सगँसँगै अगाडि बढाउन विद्यार्थीकेन्द्रित क्रियाकलापहरू प्रश्नोत्तर, छलफल, नाटकीय प्रस्तुति, संवाद, अवलोकन, भ्रमण, कामको वास्तविक अभ्यास, समस्या समाधान विधि उपयोग गरिन्छ । यस्ता कार्यकलापहरूबाट विद्यार्थीहरूले सिक्नुपर्ने कुराहरू सिक्दै जान्छन् । यसर्थ शिक्षकले पनि विद्यार्थीहरूले शिक्षण सिकाइमा देखाएका सहभागिता,

दक्षता अवलोकन गरेर विभिन्न कक्षाकार्य गर्न लगाई निरन्तर रूपमा सुधारात्मक शिक्षण गर्नु पर्दछ (निरन्तर मूल्याङ्कन कार्यान्वयन निर्देशिका २०६८) । नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रले यस मूल्याङ्कनका विधि वा साधनका बारेमा विद्यालयमा तालिम प्रदान गरी अद्यावधिक गर्ने कार्य गरिरहेको छ। यही साधनहरूलाई भाषा शिक्षणका सन्दर्भबाट हेरिन्छ।

निर्माणात्मक मूल्याङ्कनका विभिन्न प्रकारहरू प्रयोगमा छन्। कक्षाकार्य, गृहकार्य, एकाइ परीक्षा, त्रैमासिक परीक्षा, अर्धवार्षिक परीक्षा, हाजिरी जवाफ, अवलोकन आदि निरन्तर विद्यार्थी मूल्याङ्कनका प्रकारहरू हुन्। आधारभूत तहका विद्यार्थीलाई गरिने निरन्तर मूल्याङ्कनका सान्दर्भिकतालाई निम्नलिखित विधि वा साधनअनुसार समीक्षात्मक विश्लेषण गरिएको छ :

### (क) कक्षामा गरिने प्रश्नोत्तर

प्रश्नोत्तर र छलफल कक्षा कार्यमै गराएर विशेषतः विद्यार्थीहरूको ज्ञान र सिप पक्षको मूल्याङ्कन गर्न सकिन्छ । भाषा शिक्षणका सन्दर्भमा आधारभूत तहको तल्ला कक्षामा शिक्षक विद्यार्थी बिचमा र माथिल्ला कक्षामा विद्यार्थी-विद्यार्थी बिचमै प्रश्नोत्तर र छलफल गराइन्छ । कक्षामा पढाइ रहेको बेला, पढाइ सकेपछि वा पढाउनु अघि यस्ता खालका प्रश्नहरू माथि छलफल गर्नु पर्दछ। भाषा शिक्षणमा प्रश्नोत्तर र छलफल विद्यार्थी मूल्याङ्कनको सरल प्रक्रिया हो। यसबाट मूल्याङ्कन गरी भाषा सिकाइमा सुधार हुने अपेक्षा राखिन्छ । यस्तो प्रश्नोत्तर साधनको उपयोग मौखिक रूपमा वा सेतोपाटीमा लेखेर गर्नु राम्रो हुन्छ। यसको आधारमा छलफल गरी भाषा शिक्षणलाई स्तरयुक्त बनाउन सकिन्छ। आधारभूत तहमा यसको सान्दर्भिकता उपयुक्त देखिन्छ।

## (ख) अवलोकन तथा निरीक्षण

अवलोकनबाट विद्यार्थीको ज्ञान, सिप, धारणा जस्ता धेरै पक्षको मूल्याङ्कन हुने गर्दछ । जुनसुकै समयमा पनि विद्यार्थीले देखाउने रुचि, आत्मविश्वास, नेतृत्व, सहयोग, सक्रियता, निष्क्रियता, आचरण, व्यवहार, विभिन्न सिप जस्ता कुराको अवलोकनबाट मात्र मूल्याङ्कन गर्न सकिन्छ। भाषा शिक्षणका क्रममा आधारभूत तहमा यस्तो अवलोकन तथा निरीक्षण भाषा शिक्षकले गर्न सक्छन्। विद्यार्थीहरूले कक्षामा अन्तरक्रिया गर्दा, कक्षा भित्र र बाहिर विभिन्न भाषिक गतिविधिमा विद्यार्थीहरूको भाषिक व्यवहारको भाषा शिक्षकले अवलोकन र निरीक्षण गरी पृष्ठपोषण दिनु सान्दर्भिक हुन्छ।

### (ग) छलफल र अन्तरक्रिया

भाषा शिक्षकले कक्षा वा विद्यार्थीहरूलाई समूह-समूहमा विभाजन गरी अन्तर्क्रिया गराउनु नै छलफल हो। कक्षा शिक्षणका दौरानमा विषवस्तुको परिधिमा रहेर र समसामयिक

विषयवस्तुमाथि अन्तर्क्रिया र छलफल गराउन सकिन्छ । यसबाट विद्यार्थीहरूमा देखिएका सामूहिक भाषिक सिपमूलक समस्याहरू पत्ता लगाइ समाधान गर्नु सन्दर्भपूर्ण हुन्छ ।

**घ) कक्षाकार्य**

सामान्य अर्थमा भन्दा विद्यार्थीले गर्ने कार्यलाई कक्षाकार्य भनिन्छ । यस कार्यको मुख्य उद्देश्य विद्यार्थीलाई क्रियाशील बनाउनु, शिक्षण सिकाइ क्रियाकलापमा संलग्न गराउनु हो (शर्मा र शर्मा २०६२) शिक्षण सिकाइको प्रमुख थलो नै कक्षाकोठा भएजस्तै भाषा शिक्षणको पनि प्रमुख स्थल हो । कक्षाकोठामा गरिने सम्पूर्ण शिक्षण सिकाइ क्रियाकलापलाई कक्षाकार्य भनिन्छ । विद्यार्थीहरूले कक्षामा गर्न दिएका कार्य नियमित रूपमा गरे नगरेको, कक्षाकार्यमा भाग लिएको वा नलिएको ध्यानपूर्वक हेरी मूल्याङ्कन गर्नुपर्दछ । त्यसैगरी कक्षाकार्यअन्तर्गतका प्रश्नोत्तर, छलफल, शुद्ध लेखनका अभ्यास, चित्रवर्णन, कथाकथन, समूहकार्य, व्यक्तिगतकार्य, कक्षाप्रस्तुति, संवाद, नाटक प्रदर्शनलगायतका विभिन्न तरिकाको प्रयोग गरी विद्यार्थीको सिकाइ अवस्थाका बारेमा तथ्यसूचना लिनुपर्दछ । ती प्राप्त सूचनाका आधारमा आधारभूत तहका विद्यार्थीहरूको भाषिक सिप अभिवृद्धि गर्ने कार्य गर्नु सान्दर्भिक देखिन्छ । कक्षाकार्यले विद्यार्थीहरूमा लिखित र मौखिक रूपमा देखिएको खास समस्याहरू पहिचान गरी पृष्ठपोषण दिन र राम्रा व्यवहारहरूलाई अझ राम्रो बनाउने कार्यका लागि बढी उपयोग गर्न सकिन्छ ।

**(ङ) परियोजना कार्य**

कुनै खास भाषिक सिपसँग सम्बन्धित समस्यामा केन्द्रित भएर व्यावहारिक भाषिक क्रियाकलाप गर्न लगाउने कार्यलाई परियोजना कार्य भनिन्छ । कुनै निश्चित उद्देश्य वा पाठको सिकाइलाई व्यवहार र प्रयोगबाट पूर्णता दिने प्रयोजनका लागि तोकिएको समय, स्रोत, साधन र कार्य प्रक्रियाका आधारमा गरिने कार्य पद्धतिका रूपमा परियोजना कार्यलाई चिनाइन्छ (ढुङ्गेल र दाहाल २०७४) । नेपाली भाषा शिक्षणका सन्दर्भमा सम्बन्धित विषयको प्रकृति र आवश्यकता बमोजिम परियोजना कार्यबाट विद्यार्थीको मूल्याङ्कन गरी सुधारात्मक शिक्षण गर्न सकिन्छ । भाषा र विषयवस्तुसँग सम्बन्धित व्यावहारिक समस्या समाधानमा सक्रिय तुल्याउने भएकाले बालबालिकालाई सिर्जनात्मक क्षमताको विकास गराउन यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । आधारभूत तहमा चिठी लेखन, अनुच्छेद लेखन, चित्रवर्णन, प्रतिवेदन लेखन, शब्दचित्र लेखन, जीवनी लेखन आदि जस्ता परियोजना कार्य दिनु सान्दर्भिक हुन्छ ।

**(च) व्यवहार परिवर्तन**

निरन्तर विद्यार्थी मूल्याङ्कनको अर्को तरिका व्यवहार परिवर्तन हो । विद्यार्थीले कक्षामा सिकेका कुराहरूको धारणा स्थायी रूपमा रहेर आवश्यकताअनुसार भन्न, लेख्न,

उपयोग गर्न सक्नु र उनीहरूको क्रियाकलापमा अपेक्षा गरिएअनुसार परिवर्तन आउनु व्यवहारमा परिवर्तन आउनु हो (ढुङ्गेल र दाहाल २०७४) । भाषा शिक्षण गर्दा सुरु प्रवेश गरेदेखि उसको व्यवहारमा के कस्तो परिवर्तन आयो, कक्षामा सिकाइएका ज्ञान, सिपलाई कसरी लिइरहेको छ भन्ने आधारमा विद्यार्थीमा भएको व्यवहार परिवर्तन पनि ध्यान दिएर मूल्याङ्कन गर्नु पर्दछ । आधारभूत तहमा शुद्ध उच्चारण गरे नगरेको, पद सङ्गति मिलाएर संवाद वा अन्तर्क्रियामा भाग लिए नलिएको, शुद्धसँग हिज्जे लेखे नलेखेको आदि व्यवहार हरूको सान्दर्भिकता पहिचान गर्न निरन्तर विद्यार्थी मूल्याङ्कन उपयोगी हुन्छ ।

### (छ) संवाद तथा वार्तालाप

विद्यार्थीहरूलाई कुनै निश्चित विषयवस्तुमा आधारित भएर संवाद तथा वार्तालाप गराउन सकिन्छ । यस कार्यले विद्यार्थीहरूमा सुनाइ र बोलाइ सिपका साथै तार्किक अभिव्यक्ति क्षमता र बोध क्षमताको समेत विकास गर्न सान्दर्भिक हुन्छ । आधारभूत तह भाषिक सिप विकासका दृष्टिले मध्यम तह भएकाले यी साधनहरूको प्रयोग सान्दर्भिक देखिन्छ ।

### (ज) सिर्जनात्मक कार्य

शिक्षकले नमुना बनेर देखाउनु पर्छ । विद्यार्थी अनुकरणप्रेमी हुन्छन् । सिर्जनात्मक कार्य अन्तर्गत नाच, गान, चित्र नभई विषयवस्तुको अभिनयमूलक प्रस्तुति पनि पर्दछ (ढुङ्गेल र दाहाल २०७४) । भाषा शिक्षण गर्दा कक्षा क्रियाकलाप एवम् त्यस बाहेकका क्रियाकलापका माध्यमबाट विद्यार्थीको रचनात्मक एवम् सिर्जनात्मक कार्यको मूल्याङ्कनबाट पनि निरन्तर मूल्याङ्कन गर्न सकिन्छ । जस्तैः गाउने, कविता भन्न लगाउने, कथा लेख्न, भन्न लगाउने जस्ता कार्यकलाप गर्न लगाई विद्यार्थीको मूल्याङ्कन गर्नु पर्दछ । यस्ता रचनात्मक क्रियाकलापहरू आधारभूत तहमा निकै सान्दर्भिक देखिन्छन् ।

### (झ) हाजिरी जवाफ

कक्षाकोठाका विद्यार्थीहरूलाई विभिन्न समूहमा विभाजन गरी विषयवस्तुगत रूपमा वा बाह्य विषयवस्तुसँग सम्बन्धित गरी प्रश्नहरू सोधी प्रतिस्पर्धा गराउने प्रविधिलाई हाजिरी जवाफ भनिन्छ । आधारभूत तहमा बाह्य विषयवस्तुभन्दा विषयगत विषयवस्तुमा आधारित भएर हाजिरी जवाफ गर्न सान्दर्भिक हुन्छ । भाषिक र विषयवस्तुगत ज्ञान र सिप अभिवृद्धि गर्न यो उपयोगी रहन्छ ।

### (ञ) उपस्थिति

विद्यार्थीको नियमित उपस्थिति निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्त्वपूर्ण पाटो हो । विद्यार्थी नियमित विद्यालय आउँछ भने मात्र उसले कक्षाकोठा र विद्यालयका विभिन्न

भाषिक र भाषेतर कार्यकलापमा सहभागी हुन पाउँछ। विद्यार्थी विद्यालयमा नियमित रूपमा उपस्थिति हुँदा सिकाइ सक्षमता बृद्धि हुने हुनाले यो बढी सान्दर्भिक हुन्छ।

**(ट) एकाइ परीक्षा/ मासिक परीक्षा/ त्रैमासिक परीक्षा**

विषयगत रूपमा एकाइको अध्ययन गराइ सकेपछि लिइने परीक्षालाई एकाइ परीक्षा भनिन्छ (शर्मा र शर्मा २०६२) । विषय शिक्षकले आफ्नो विषयवस्तुमा आफ्ना विद्यार्थीहरू कति सक्षम भए वा भएनन् भनेर एकाइगत, मासिक र त्रैमासिक रूपमा परीक्षा लिई मूल्याङ्कन गरिने कार्य यस अन्तर्गत पर्दछ। भाषिक सिप प्राप्तिको अभिवृद्धि गर्न यस्ता परीक्षाहरू आधारभूत तहमा सान्दर्भिक हुन्छन्।

**(ठ) गृहकार्य**

निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्त्वपूर्ण पक्ष भनेको विद्यार्थीको गृहकार्यलाई हो। विद्यार्थीको पूर्ण ज्ञान जाँच्न, पढाइएका पाठ, सिकाइएका सिप तथा सिकाउन बनाएका शैक्षिक उद्देश्य हासिल गर्न तयार पारिएको क्रियाकलापको अभ्यास गराउन सिकेका ज्ञान, सिप र अभिवृत्तिको प्रयोग गरी गृहकार्य दिइन्छ। आफ्ना-आफ्ना विषयवस्तुको प्रकृतिअनुसार सैद्धान्तिक, प्रयोगात्मक वा सिर्जनात्मक रूपमा घरमा गर्न दिइने कुनै पनि कामलाई गृहकार्यका रूपमा लिइन्छ। जसले विद्यार्थीहरूलाई भाषा सिकाइप्रति उत्तरदायी बनाउने, दीर्घकालीन सिकाइलाई प्रोत्साहन गर्ने र जीवनपर्यन्त सिक्ने बानीको विकास गराउँछ। यस्तो कार्य आधारभूत तहमा निकै सान्दर्भिक हुन्छ।


आत्ममूल्याङ्कन, कार्यसञ्चयिका अध्ययन, प्रयोगात्मक परीक्षा, चित्रलेखन तथा नक्साङ्कन, सोधपुछ र अन्तर्वार्ता, छलफल र समूहकार्य, अभिभावक सम्पर्क, रुजुसूची, श्रेणीमापन आदि क्रियाकलापहरू पनि निरन्तर विद्यार्थी मूल्याङ्कनमा सान्दर्भिक देखिन्छन्।

माथिका मूल्याङ्कन प्रक्रिया अपनाउँदा साधारण विद्यार्थीहरूका साथसाथै अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका बालबालिकाहरूलाई समेत उपयुक्त र सान्दर्भिक हुने गरी गर्नु पर्दछ।

भाषिक सिपहरूको शिक्षण भाषाशिक्षण हो। विद्यार्थीको भाषिक प्रगतिको लेखाजोखा गर्ने विभिन्न विधि र उपाय नै भाषिक मूल्याङ्कनका साधन हुन्। भाषिक मूल्याङ्कनमा निरन्तर विद्यार्थी मूल्याङ्कनको महत्त्वपूर्ण भूमिका रहेको छ। माथि उल्लिखित साधन तथा विधिहरूको प्रयोग गरेर कक्षा शिक्षणसँगै निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न सकिन्छ। जसले भाषा सिकाइलाई प्रभावकारी र रुचिपूर्ण बनाउँछ। यी कार्यहरूले आधारभूत तहका

विद्यार्थीहरूमा नेपाली भाषाका सिपहरूमा परिपूर्णता ल्याउन उपयोगी रहन्छन् र सान्दर्भित हुन्छन् ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन चक्र




*स्रोतः विश्लेषणमा आधारित, २०७९*

यसर्थ भाषा शिक्षण गर्दा सर्वप्रथम विद्यार्थीमा कस्तो भाषिक उपलब्धि प्रदान गर्ने भन्ने कुराको निर्क्योल गरिन्छ। त्यसपश्चात् कसरी निर्क्यौल गरिएका भाषिक उपलब्धि प्राप्त गराउने भनी शिक्षकले शिक्षण योजना बनाउनु पर्दछ। त्यस पछि शिक्षण योजनाअनुरूप भाषा शिक्षण गरिन्छ। भाषा शिक्षणपश्चात् तोकिएका भाषिक उपलब्धि प्राप्त भए वा भएनन् भनी विद्यार्थीको मूल्याङ्कन गरिन्छन्। विद्यार्थीहरूले सिकाइ उपलब्धि कति प्राप्त गरे, के कति जाने वा सिके त्यसको आधारमा उत्तम, मध्यम, कमजोरमा वर्गीकरण गरिन्छ। तत्पश्चात् कमजोर विद्यार्थीहरूलाई थप सिकाइका अवसर, सहजीकरण र सुधारात्मक शिक्षण गर्नुपर्दछ। यसर्थ भाषा शिक्षणमा निरन्तर मूल्याङ्कनका यिनै चक्रको प्रयोग गरी शिक्षण गर्दा भाषिक सिप सहज रूपमा प्राप्त गराउन सकिन्छ।

## निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा ध्यानदिने कुराहरू

शिक्षण सिकाइको मुख्य उपादेयता भनेकै विद्यार्थीले पाठ्यक्रममा तोकेको अपेक्षित उद्देश्य पूरा गर्नु हो । भाषा शिक्षणमा पनि विद्यार्थीहरूले भाषिक उद्देश्य हासिल गरे कि गरेनन् भनेर निरन्तर रूपमा कक्षाकोठामा भएका क्रियाकलापद्वारा जाँच्ने काम गरिन्छ । भाषा शिक्षण गर्दा पनि निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणालीमा पाठ्यक्रमले तोकेको विद्यार्थीको सिकाइको सुनिश्चितता गरेको कामको अभिलेख, भाषा शिक्षणका सन्दर्भमा निरन्तर मूल्याङ्कन गरी विद्यार्थीलाई पटक-पटक सिकाइको अवसर प्रदान गरेको कामको विवरण र अभिलेख, विद्यार्थीको निरन्तर मूल्याङ्कन गरेको रेकर्ड फाइल, प्रत्येक महिना विद्यार्थीको प्रगति विवरण अभिभावकलाई पठाएको अभिलेख, श्रेणीमापन व्यवस्था भएको अभिलेख, विद्यार्थीले गरेको भाषिक प्रगतिको विवरण विद्यालयमा अनिवार्य हुनुपर्ने हुन्छ (लामिछाने २०७२) । माथि उल्लिखित कुराहरूमा ध्यान दिएर विद्यार्थीहरूका भाषिक सिपहरूको मूल्याङ्कन गर्ने कार्य उपयुक्त हुन्छ ।

## निरन्तर विद्यार्थी मूल्याङ्कनको फाइदा

निरन्तर विद्यार्थी मूल्याङ्कनले विद्यार्थीहरूको भाषिक उपलब्धि हासिल गरेको कुराका ठोस जानकारी उपलब्ध गराउँछ । विद्यार्थी तथा शिक्षकहरूको स्व-मूल्याङ्कनले उक्त विद्यार्थीले आगामी दिनमा के गर्नुपर्दछ ? कुन-कुन सिपमा ध्यान दिनु पर्दछ ? कस्ता किसिमका भाषिक व्यवहार र पक्षहरूमा सुधार गर्नुपर्छ ? भन्ने कुराको स्पष्ट दिशाबोध गराउँछ । भाषा शिक्षणका सन्दर्भमा विद्यार्थीहरूको भाषिक कामको अभिलेख राखी शिक्षकले निरन्तर रूपमा विद्यार्थीहरूसँग छलफल गराउनु पर्छ । त्यसबाट राम्रा पक्षको बोध गराउँदै र सुधारात्मक पक्षको जानकारी दिएर भाषिक उद्देश्य हासिल गराउन अभिप्रेरित गर्न सकिन्छ ।

निरन्तर मूल्याङ्कन अभिलेखमा आधारित हुने भएकाले विद्यार्थीको भाषिक सिकाइ उपलब्धि स्तर कस्तो छ भन्ने कुराको जानकारी अभिभावकलाई दिन सजिलो हुन्छ । त्यसैगरी विद्यार्थीको निरन्तर रूपमा भाषिक प्रगतिमा परिवर्तन आयो कि आएन भन्ने कुराको सूचना दिन ज्यादै उपयोगी मानिन्छ । विद्यार्थीहरूलाई भाषा सिकाइमा सक्रिय बनाउन निरन्तर मूल्याङ्कनले सहयोग गर्दछ । विद्यार्थीहरूलाई आफ्नो सिकाइको स्तर र गति कस्तो छ भन्ने कुराको जानकारी दिन्छ । भाषा पाठ्यक्रम विद्यार्थी केन्द्रित बनाउन र भाषा शिक्षण सिकाइमा गुणात्मक विकास गर्न निरन्तर मूल्याङ्कनले सघाउ पुऱ्याउँछ ।

विद्यार्थीका सम्पूर्ण व्यवहार र अनुभवहरूको दैनिक लेखाजोखा गरेर शिक्षण विधिलाई प्रभावकारी बनाउन निरन्तर विद्यार्थी मूल्याङ्कन आधारभूत तहमा सान्दर्भिक देखिन्छ । जसले भाषा सिकाइ उपलब्धिमूलक हुने कुरामा विश्वास गर्न सकिन्छ । तसर्थ आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन निकै सान्दर्भिक देखिएको छ ।

## निरन्तर मूल्याङ्कनमा देखिएका समस्या

नेपालको शैक्षिक प्रक्रिया निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ प्रक्रियाको अभिन्न अङ्ग बनाउन नसक्दा यो सैद्धान्तिक रूपमै मात्र सीमित रहेको प्रतीत हुन्छ । नवौं योजना (२०५४) देखि परीक्षण गर्दै शैक्षिक सत्र २०६३ देखि औपचारिक रूपमा कक्षा १ वाट क्रमशः लागु गर्दै शैक्षिक सत्र २०६३ देखि औपचारिक रूपमा कक्षा १ वाट क्रमशः लागु गरिएको निरन्तर विद्यार्थी मूल्याङ्कन पाठ्यक्रममा मात्र सीमित रहेको र कक्षाकोठाको शिक्षण सिकाइ प्रक्रियामा समाहित हुन सकेको देखिँदैन । शैक्षिक सत्र २०६३ कक्षा १ बाट प्रारम्भ भई २०६७ सम्ममा कक्षा ५ सम्म लागु भइसके पनि यो व्यवस्था प्रभावकारी हुन सकिरहेको छैन। कक्षा ५ सम्मको अनुभवका आधारमा कार्यान्वयन प्रभावकारिताको अध्ययन विना पुनः कक्षा ६ र ७ सम्म निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया लागु गरिनु व्यावहारिक दृष्टिले उपयुक्त देखिँदैन। वर्तमान समयमा कक्षा आठमा पनि ४० प्रतिशत निरन्तर विद्यार्थी मूल्याङ्कन र ६० प्रतिशत आवधिक मूल्याङ्कनबाट विद्यार्थीको लेखाजोखा गर्ने व्यवहार प्रचलनमा रहेको छ। आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया प्रभावकारी नहुनुमा निम्नलिखित समस्याहरू रहेको पाइन्छ :

### (क) पाठ्यक्रम सैद्धान्तिक हुनु

पाठयक्रमले निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई सैद्धान्तिक रूपमा प्रस्तुत गरेको र त्यसको प्रभावकारी कार्यान्वयनका लागि आवश्यक पर्ने व्यावहारिक तौरतरिका वा ढाँचा स्पष्ट गर्न सकेको पाइँदैन । आधारभूत तहमा ४० प्रतिशत अङ्कभार पाठ्यक्रमले निरन्तर विद्यार्थीका लागि छुट्याएको भए पनि सिद्धान्तमा मात्र रहेको देखिन्छ। कक्षाकार्य, गृहकार्य, सिर्जनात्मक कार्य, हाजिरी, परियोजना कार्य, अतिरिक्त क्रियाकलापका आधारमा निरन्तर मूल्याङ्कन गरिने भनिएता पनि वास्तविक रूपमा यसको प्रयोग व्यवहार भएको पाइँदैन ।

### (ख) परीक्षालाई मात्र मूल्याङ्कनको साधनको रूपमा हेरिनु

शिक्षणका क्रममा अझै पनि त्रैमासिक, अर्धवार्षिक, वार्षिक परीक्षालाई मात्र मूल्याङ्कनको अनिवार्य साधनका रूपमा लिएको व्यवहारमा पाइन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कनका अनिवार्य साधनहरू कक्षाकार्य, गृहकार्य, सिर्जनात्मक कार्य, हाजिरी, परियोजना कार्य, अतिरिक्त क्रियाकलापका प्रयोगमा कमजोरी देखिएको पाइएको छ । जसले गर्दा आधारभूत तहमा शिक्षण कार्यकै क्रममा निरन्तर विद्यार्थी मूल्याङ्कन भन्ने धारणा विकास हुन नसक्नु समस्याको रूपमा रहेको छ।

### (ग) पाठ्यक्रम प्रबोधीकरण कार्य प्रभावकारी नहुनु

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रक्रिया व्यवहारमा उतार्न नसकिनु सबैभन्दा ठूलो कमजोरी हो। यसको सैद्धान्तिक अवधारणा र प्रयोग गर्ने तरिकाका बारेमा कार्यान्वयन अगाडि

सबै शिक्षकलाई प्रभावकारी रूपमा प्रबोधीकरण गर्न नसकिनु पनि हो । भाषा पाठयक्रम लागु गर्नु अगाडि यो के हो ? यसलाई कसरी प्रभावकारी रूपमा प्रयोग गर्ने ? आदि पक्षका बारेमा कार्यान्वयनकर्ताले शिक्षकलाई बुझाउनु पर्नेमा सो कार्य प्रभावकारी नभएकाले यसका वास्तविक मर्म र भावना शिक्षकसम्म समयमै पुग्न नसक्नाले कार्यान्वयनमा कठिनाइ आएको देखिन्छ । आधारभूत तहमा यस्ता समस्या व्यावहारिक रूपमा देखिएको छ ।

### (घ) तालिम प्राप्त शिक्षकको अभाव

निरन्तर विद्यार्थी मूल्याङ्कन गर्दा भाषा शिक्षक तालिम प्राप्त हुनै पर्ने हुन्छ । भाषिक सिप विकाससँग सम्बन्धित तालिम अप्राप्त शिक्षकले गरेको भाषिक मूल्याङ्कन वैद्य र विश्वसनीय नहुन सक्छ । त्यसैले सबै भाषा शिक्षकहरू तालिम प्राप्त नहुनु पनि एउटा समस्याको रूपमा रहेको छ । आधारभूत तहमा यस्ता भाषा शिक्षकहरूको दरबन्दी कम हुनु र भएकामा व्यावहारिक ज्ञान र सिपको अभाव हुनु जस्ता समस्याहरूले निरन्तर विद्यार्थी मूल्याङ्कनमा समस्या देखिएको छ ।

### (ङ) अभिलेख साधन सरल नहुनु

निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोगमा ल्याउन पाठ्यक्रमद्वारा निर्मित भाषिक सिप मूल्याङ्न फाराम आदि अभिलेखीकरणका साधन सरल र व्यावहारिक नहुनु पनि यसको अर्को समस्या हो । शिक्षकले सजिलै बुझ्ने र प्रयोगमा ल्याउने फारामहरू सजिला र व्यावहारिक हुन नसकेको शिक्षकको गुनासो रहेको छ । त्यस्तै आधारभूत तहमा यस्ता साधन प्रयोगमा विविधता ल्याउन नसकेर समस्या देखिएको छ ।

### (च) अनुगमन र सुपरिवेक्षणको अभाव

आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोग अपेक्षित रूपमा भए नभएको बारेमा नियमित रूपमा प्रशासनका तर्फबाट अनुगमन र सुपरिवेक्षण गरी कार्यान्वयन वातावरण सिर्जना गर्दै कार्यान्वयनका लागि सहजीकरण गर्ने कार्य हुन सकेको छैन । गएका अनुगमनकर्ता र सुपरिवेक्षक भाषाका विशेषज्ञ नभएर साधारण प्रशासक मात्र रहेका हुन्छन् । जसले गर्दा कार्यान्वयनमा समस्या देखिएको छ ।

### (छ) क्षमता विकास नगरिनु

आधारभूत तहका शिक्षक तालिमका पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनका बारेमा समावेश गरिएको भए पनि यसको व्यावहारिक प्रयोगका बारेमा शिक्षकलाई तालिमका माध्यमबाट उपयुक्त ज्ञान, सिप प्रदान गर्न सकिएको अवस्था अत्यन्त न्यून छ । शिक्षकमा यसका बारेमा उपयुक्त ज्ञान, सिपको अभावमा यसको प्रभावकारी कार्यान्वयन हुन नसकेको विद्यमान अवस्था देखिन्छ ।

**(ज) साधन स्रोतको अभाव**

आधारभूत तहका विद्यार्थीहरूमा भाषिक सिप विकास गराउन निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन गर्नका लागि आर्थिक तथा प्राविधिक साधन स्रोतको आवश्यकता पर्दछ । त्यस्तै निरन्तर विद्यार्थी मूल्याङ्कन प्रयोग गर्ने तरिकाका बारेमा क्षमता विकास गर्न छोटो अवधिका अभिमुखीकरण तालिम आदिका लागि पनि आर्थिक स्रोत अभाव रहेकाले पनि यसको कार्यान्वयनमा कठिनाइ आएको देखिन्छ ।

**(झ) शिक्षकमा कार्य तत्परता र जवाफदेहीपनको अभाव**

निरन्तर विद्यार्थी मूल्याङ्कन लागु गर्ने व्यवस्था भएपछि यसलाई जसरी भए पनि व्यवहारमा ल्याउनका लागि शिक्षकमा कार्य तत्परता र प्रतिबद्धताको कमी हुनु पनि कार्यान्वयन प्रभावकारी नहुनुको एउटा मुख्य समस्या हो । यो सैद्धान्तिक कुरामात्र हो र नेपालको परिवेशमा यो कार्यान्वयन गर्न सकिँदैन भन्ने भ्रमपूर्ण विचार पालेर शिक्षकहरू यसलाई सिक्दै लागु गर्न तत्पर रहेको पाइँदैन । त्यस्तै जवाफदेहिताको अभावमा यो कार्यान्वयनमा कठिन हुन गएको पाइन्छ । भाषा शिक्षकहरूमा यस सम्बन्धित विषयमा तालिम दिए पनि यसको कार्यान्वयनमा प्रोत्साहन र भाषिक वातावरण दिन नसक्नु र कतिपय भाषा शिक्षकहरू अल्छी हुनु जस्ता समस्याहरू देखिएका छन् ।

**(ञ) भ्रमपूर्ण प्रचार र बुझाइ**

निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको जाँच नलिई स्वतः कक्षा चढाउँदै लैजाने परिपाटी हो भन्ने भ्रमपूर्ण प्रचार र बुझाइले पनि यसको कार्यान्वयनमा कठिनाइ आएको छ । नीतिगत तहदेखि कार्यान्वयनकर्तासम्मका सरोकारवाला र अभिभावक समेतमा निरन्तर मूल्याङ्कन भनेको जाँच नलिने र स्वतः उत्तीर्ण गर्ने कार्य हो भन्ने बुझाइ रहेको पान्छ । जबसम्म यसको वास्तविक मर्म भावना बुझाउन सकिन्न तबसम्म यसलाई कार्यान्वयनमा लैजान विभिन्न कठिनाइहरू आइरहन्छन् ।

## समस्या समाधानका उपायहरू

माथि उल्लिखित आधारभूत तहमा देखिएका समस्या समाधान गर्न मूल्याङ्कनलाई पठनपाठनका साथै वर्षभरिमा नै चलिरहने एउटा नियमित सकारात्मक शैक्षिक क्रियाकलापका रूपमा लिइनुपर्छ । यसका साथै निरन्तर विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको एउटा अभिन्न अङ्ग बनाउनुपर्दछ । आधारभूत तहमा देखिएका निरन्तर विद्यार्थी मूल्याङ्कनका समस्याहरू समाधान गर्न निम्न उपाय अवलम्बन गर्न सकिन्छ :

### (क) भाषा शिक्षकलाई आधारभूत ज्ञान र तालिम दिनु

आधारभूत तहका शिक्षकलाई निरन्तर विद्यार्थी मूल्याङ्कन भनेको के हो ? यो कसरी गर्नुपर्छ ? यसका साधन के-के हुन् ? मूल्याङ्कनका साधनको अभिलेखीकरण कसरी गर्ने ? मूल्याङ्कनको प्रयोग र व्याख्या कसरी गर्ने ? निरन्तर विद्यार्थी मूल्याङ्कनमा विश्वसनीयता र वैधता कसरी ल्याउने ? आदि विषयमा समय-समयमा आधारभूत ज्ञान, सिप र तालिम दिनुपर्छ । यसो गर्न सकेमा आधारभूत तहका शिक्षकहरूले निरन्तर मूल्याङ्कनको सही प्रयोग भाषिक मूल्याङ्कन गर्दा उपयोग गर्न सक्छन् ।

### (ख) मूल्याङ्कनका सम्पूर्ण साधनहरूको उपयोग गर्ने

हाम्रा विद्यालयहरूमा निर्णयात्मक परीक्षालाई मात्र मूल्याङ्कनको साधनका रूपमा उपयोग गरेको पाइन्छ । त्यसैले परीक्षा बाहेकका कक्षाकार्य, गृहकार्य, अवलोकन, प्रश्नावली, सञ्चित अभिलेख, सिर्जनात्मक कार्य, अभिभावकको राय, कक्षा प्रस्तुतीकरण आदि मूल्याङ्कनका साधनहरूबाट पनि विद्यार्थीको सर्वाङ्गीण विकास गर्न सकिन्छ । यस कार्यबाट निरन्तर विद्यार्थी मूल्याङ्कन प्रणाली पनि लागु हुन सजिलो हुन्छ ।

### (ग) पाठ्यक्रममा स्पष्ट ढाँचा र तरिकाको व्यवस्था गर्ने

आधारभूत पाठ्यक्रममा निरन्तर विद्यार्थी मूल्याङ्कनको वास्तविक मर्म, अभिप्राय, विधि र साधनलाई स्पष्ट, व्यावहारिक र शिक्षकमैत्री ढङ्गले समावेश गर्नुपर्ने हुन्छ । यसबाट निरन्तर विद्यार्थी मूल्याङ्कनको माध्यमबाट भाषिक सिपहरूको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह हुने हुन्छ ।

### (घ) पाठ्यक्रम प्रबोधीकरणद्वारा क्षमता विकास गर्ने

निरन्तर विद्यार्थी मूल्याङ्कनको प्रयोगका बारेमा पाठ्यक्रम लागू हुनुपूर्व नै सबै आधारभूत तहका भाषा शिक्षकहरूलाई सघन रूपमा प्रबोधीकरण गर्नुपर्ने हुन्छ । निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयनमा ल्याउन नीतिगत तहदेखि कक्षाकोठामा प्रवेश गर्ने शिक्षकसम्म यसका बारेमा ज्ञान, सिप प्रदान गरी क्षमता विकास गर्दा आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कनमा देखिएका समस्याहरूलाई सही तरिकाले समाधानको बाटोतर्फ लान सकिन्छ ।

### (ङ) शिक्षकमा जवाफदेहिताको परिपालना

आधारभूत तहका भाषा विशेषज्ञहरूबाट अनुगमन र सुपरिवेक्षण गराई भाषा शिक्षकलाई सहजीकरण गरेर यसलाई कार्यान्वयन गर्न शिक्षकलाई प्रोत्साहित गर्ने कार्य गर्नु पर्दछ । भाषा शिक्षकलाई आफ्नो पेसाप्रति जवाफदेही बनाउने वातावरण निर्माण गरी पुरस्कार र दण्ड दिएर सकारात्मक नतिजा दिन सकिन्छ ।

## (च) वास्तविकता बोध

निरन्तर विद्यार्थी मूल्याङ्कन गरी स्वतः कक्षा चढाउने परिपाटी होइन । यस्ता भ्रमपूर्ण विचार र बुझाइलाई चिर्न विभिन्न प्रचारात्मक कार्यक्रम आयोजना गरी सोअनुसार कार्यान्वयन गर्ने सकारात्मक वातावरण तयार गर्नुपर्दछ । अभिभाव, विद्यार्थी तथा सरोकारवालालाई पनि यसको वास्तविकताको बारेमा बोध गराइ सचेत गराउनु राम्रो हुन्छ ।

### (छ) उद्देश्यमुखी पठनपाठन

आधारभूत तहका कक्षाकोठाको पठनपाठनलाई परीक्षामुखी नबनाई उद्देश्यमुखी बनाउनुपर्छ । हरेक पाठको विषयवस्तु र भाषिक सिपहरूको शिक्षण गर्दा भाषा पाठ्यक्रमद्वारा अपेक्षित उद्देश्यहरू के कति प्राप्त भए वा भएनन् भनेर लेखाजोखा गरी शिक्षण सिकाइ क्रियाकलापमार्फत मूल्याङ्कन गरिने परिपाटीलाई अझ बढी व्यावहारिक रूपमा लागु गर्नुपर्दछ ।

### (ज) शिक्षण सिकाइको अभिन्न अङ्ग मूल्याङ्कन

हाम्रो देश र हाम्रा विद्यालयमा मूल्याङ्कन भनेको परीक्षा मात्र हो भन्ने सङ्कुचित सोचाइ रहेको पाइन्छ । वास्तवमा मूल्याङ्कन शिक्षण सिकाइ क्रियाकलापको एक अभिन्न अङ्ग हो र यसलाई शिक्षण सिकाइ क्रियाकलापसँग प्रत्यक्ष जोडेर मात्र वास्तविक रूपमा अगाडि बढाउन सकिने रूपमा लागु गर्नु पर्दछ ।

### (झ) अभिभावकको सक्रियता

आफ्ना छोरा-छोरी र भाइ-बहिनीका पढाइ, लेखाइका विषयमा अभिभावकले शिक्षकसँग सोधपुछ गर्ने र कमी-कमजोरी औंल्याउन लगाउने कार्य गर्नुपर्दछ । शिक्षक-अभिभावकबिच समय-समयमा छलफल गर्ने गर्नुपर्दछ । आफ्ना नानीबाबुहरूको भाषिक ज्ञानका बारेमा अभिभावकहरू पनि सचेत भई निरन्तर विद्यार्थी मूल्याङ्कन परिपाटीको बारेमा पनि चासो राख्नुपर्दछ । यसबाट शिक्षक, विद्यार्थी र विद्यालय प्रशासनलाई समेत निरन्तर विद्यार्थी मूल्याङ्कन राम्रोसँग गर्न र गराउन नैतिक दबाव पर्दछ । यसले सकारात्मक नतिजा ल्याउन सहयोग पुग्दछ ।

### (ञ) आवश्यक स्रोत साधनको व्यवस्था

निरन्तर विद्यार्थी मूल्याङ्कन गर्न र सबै खाले मूल्याङ्कनका साधनको प्रयोग गर्नका लागि आर्थिक लगायत अन्य स्रोत र साधन तथा विशेषज्ञ आवश्यक पर्न सक्छन् । त्यसका लागि सरकार, विद्यालय र नागरिक समाज एवं अभिभावक मिलेर उचित भाषिक साधन र स्रोत जुटाउनुपर्छ । बिना स्रोत र साधन निरन्तर मूल्याङ्कन प्रणाली अपनाउन कठिनाइ हुन्छ । आधारभूत तहमा यस्ता भाषिक स्रोत र साधन निर्माण गर्न शिक्षक, विद्यार्थी र विद्यालय प्रशासन जागरुक हुनु पर्दछ ।

### (ट) नियमित अनुगमन र सुपरिवेक्षण

आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन सही रूपमा भएको वा नभएको बारेमा विद्यालय निरीक्षण, स्रोत व्यक्ति, अभिभावक, गाउँपालिका वा नगरपालिकाका शिक्षा अधिकृत, भाषा विषयविज्ञ र क्षेत्रीय शिक्षानिर्देशक आदिबाट नियमित अनुगमन गर्नु र गराउनु पर्छ । नियमित र उद्देश्यपूर्ण ढङ्गबाट अनुगमन र सुपरिवेक्षण गर्न सकेमा भाषा शिक्षक सही मूल्याङ्कन गर्न उत्प्रेरित पनि हुन्छन् ।

आधारभूत तहमा निरन्तर विद्यार्थी मूल्याङ्कन शिक्षण सिकाइसँगै गरिने हुँदा शिक्षा क्षेत्रमा गुणात्मक सुधार ल्याउन यसले महत्त्वपूर्ण भूमिका खेल्दछ । आधारभूत तहका विद्यार्थीको भाषा सिकाइका सन्दर्भमा विद्यार्थीले नसिकेका विषयवस्तु र भाषिक कुरा सिकाउन, सिकाइलाई दीर्घकालीन बनाउन र विद्यार्थीलाई पृष्ठपोषणसहित सुधारात्मक शिक्षणगर्न निरन्तर मूल्याङ्कनले सहयोग गर्दछ । त्यसैले सम्पूर्ण तहबाट निरन्तर मूल्याङ्कनको उचित रूपमा कार्यान्वयन गर्नुपर्दछ । जसबाट शिक्षा प्रणालीमा सुधार ल्याई शैक्षिक विकास गर्न सकिन्छ ।

## निष्कर्ष

भाषा शिक्षण, सिपहरूको शिक्षण हो । आधारभूत तहको भाषा शिक्षणको सन्दर्भमा भाषिक उद्देश्य हासिल गर्न लगातार रूपमा कक्षाकोठाभित्र र बाहिर गरिने निर्माणात्मक मूल्याङ्कनलाई नै निरन्तर मूल्याङ्कन भनिन्छ । भाषा शिक्षण भनेको विषयवस्तुको शिक्षण नभई विषयवस्तुका माध्यमबाट भाषाका आदानात्मक र प्रदानात्मक सिपहरूको शिक्षण हो । निरन्तर विद्यार्थी मूल्याङ्कनबाट विद्यार्थीका कमी कमजोरी भाषा सिकाइकै क्रममा पत्ता लगाएर सिकारुलाई सिकाइप्रति थप उत्प्रेरितगर्न सकिने हुँदा शिक्षाको परिमाणात्मक र गुणात्मक वृद्धिका लागि यसको आवश्यकता पर्दछ ।

यस लेखमा निरन्तर विद्यार्थी मूल्याङ्कनको सान्दर्भिकता आधारभूत तहमा कस्तो रहेको छ र त्यससँग सम्बन्धित पक्षहरूको समीक्षात्मक विश्लेषणमा मात्रै सम्बन्धित छ । प्रस्तुत लेखले निरन्तर विद्यार्थी मूल्याङ्कनको आवश्यकता, निरन्तर मूल्याङ्कन कार्यान्वयनमा देखिएका चुनौती र ती चुनौतीहरूको समाधानका उपायलाई समेत सङ्केत गरेको छ । आधारभूत तहका विद्यार्थीलाई सर्वाङ्गीण पक्षको मूल्याङ्कन गर्न निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरूको प्रयोग सान्दर्भिक हुने निष्कर्ष आएको छ । योजनाबद्ध रूपमा निरन्तर विद्यार्थी मूल्याङ्कनको साधनहरूको उपयोग गरी शिक्षण सिकाइ क्रियाकलाप गरेमा भाषा शिक्षणका उद्देश्य सजिलै पूरा हुने देखिन्छ । यसकारण भाषा शिक्षणसँगै निरन्तर विद्यार्थी मूल्याङ्कनका साधनहरूको उपयोग गर्ने र सम्पूर्ण शिक्षक, विद्यार्थी, अभिभावक तथा प्रशासकहरूलाई सचेत बनाउँन सकारात्मक रूपमा लाग्नुपर्ने देखिन्छ ।

## सन्दर्भ सामग्रीसूची

अधिकारी, हेमाङ्गराज. (२०६९). *नेपाली भाषा शिक्षण.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज. (२०६७). *भाषा शिक्षण केही परिप्रेक्ष्य तथा पद्धति* (पाँचौं संस्क.). काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

अर्याल, प्रेमनारायण., अधिकारी, तोयानाथ., पन्त, नारायण प्रसाद. र उपाध्याय, गिरीराज. (२०७१). *शिक्षामा मापन तथा मूल्याङ्कन.* काठमाडौं : दीक्षान्त प्रकाशन ।

ढकाल, शान्तिप्रसाद. (२०६२). *नेपाली भाषा शिक्षण : परिचय र प्रयोग.* काठमाडौँ : मनकामना बुक्स एन्ड स्टेसनरी ।

ढकाल, शान्तिप्रसाद. र खतिवडा, तीर्थराज. (२०६८). *नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौँ : शुभकामना प्रकाशन ।

ढुङ्गेल, भोजराज. र दाहाल, दुर्गाप्रसाद. (२०७४). *नेपाली भाषा शिक्षण.* काठमाडौं : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स ।

त्रिपाठी, वासुदेव. (२०६६). *साहित्य-सिद्धान्तः शोध तथा सृजनविधि.* काठमाडौं : पाठ्यसामग्री पसल ।

नेपाल प्रज्ञा प्रतिष्ठान. (२०६७). *नेपाली बृहत् शब्दकोश.* काठमाडौं : नेपाल प्रज्ञा प्रतिष्ठान ।

नेपाल सरकार शिक्षा मन्त्रालय. *प्राथमिक शिक्षा पाठ्यक्रम (२०६५).* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय. *निरन्तर विद्यार्थी मूल्याङ्कन कार्यान्वयन पुस्तिका (२०६८).* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार शिक्षा मन्त्रालय. *आधारभूत शिक्षा पाठ्यक्रम(२०६९).* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय. *राष्ट्रिय पाठ्यक्रम प्रारूप (२०६३).* पाठ्यक्रम विकास केन्द्र, सानोठिमी, भक्तपुर ।

पराजुली, तीर्थराज., खनाल, पेशल., भट्टराई, देवीप्रसाद., अधिकारी, बालकृष्ण. र निउरे, ध्रुबप्रसाद. (२०६८). *शैक्षिक मापन तथा मूल्याङ्कन (द्वितीय सं.).* काठमाडौं : सनलाइट पब्लिकेसन ।

पोखरेल, केशवराज., काफ्ले, उमेश. र दाहाल, द्रोणराज. (२०६९). *नेपाली भाषा शिक्षण.* काठमाडौं : क्याम्ब्रिज पब्लिकेसन ।

पौडेल, माधवप्रसाद. (२०७०). *नेपाली भाषा शिक्षण.* काठमाडौंः विद्यार्थी प्रकाशन ।

पौडेल, माधवप्रसाद. (२०७०). *भाषिक परीक्षण.* काठमाडौंः विद्यार्थी प्रकाशन ।

भण्डारी, पारसमणि. (२०७४). *प्राज्ञिक लेखन तथा सम्पादन.* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

लामिछाने, मोदिन. (२०७२). *शिक्षक स्रोत पुस्तक.* काठमाडौँ : सिकाइ समूह प्रा.लि. ।

शर्मा, केदारप्रसाद. र पौडेल, माधवप्रसाद. (२०६७). *नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, केदारप्रसाद. र पौडेल, माधवप्रसाद. (२०७०). *नेपाली भाषा र साहित्य शिक्षण.* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा चिरञ्जीवी. र शर्मा, निर्मला. (२०६२). *पाठ्यक्रम र मूल्याङ्कन.* काठमाडौं : एम.के पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर ।